सिस्ने गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०७९/०८०
च.नं ५

मिति-२०७९/०४/०२

श्री वडा कार्यालय सबै ।

विषयः- कार्यान्वयन गर्नु गराउनु हुन ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पंञिकरण विभागको च नं.९ मिति २०७९।०४।०१ को पत्रानुसार सामाजिक सुरक्षा नियमावली प्रथम संशोधन २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भाद्र मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनु पर्ने व्यवस्था रहेको विदितै छ । आ.व. २०७८/०७९ देखि नेपाल सरकारले त्रैमासिक बजेट निकासाको व्यवस्था गरेको हुदाँ सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने भएकोले चालु आ.व.को पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ताको फर्वाड फिड लाभग्राहीको सुची तयार गरी सम्बन्धित बैकमा पठाउनु अगावै परिचयपत्र नविकरण गरीसक्नु पर्ने भएकोले सबै लाभग्राहीहरुको उल्लेखित समयमा नविरकण गर्ने व्यवस्था गर्नुहुन अनुरोध छ ।साथै नेपाल सरकारको आ.व. २०७९/८० को बजेट वक्तव्यमा ६८ बर्षको उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएकोले सोही बमोजिम हुने गरी त्यस्ता लाभग्राहीहरुको निवेदन संकलन गरी लाभग्राही सुचिमा सुचिकरण प्रकृया अगाडी बढाउनु हुन अनुरोध छ ।

नोटः विभागको परिपत्र यसै साथ राखि पठाइएको व्यहोरा अनुरोध छ ।

चिन्तामणि दाहाल
प्रमुख प्रशासकीय अधिकृत